इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

इच्छाकामना गाउँपालिका सामुदायिक विद्यालय परीक्षा शुल्क तथा मूल्याङ्कन अनुदान सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावना:

इच्छाकामना गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई नेपालको संविधानले प्रदान गरेको निःशुल्क शिक्षाको मौलिक हकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न, अभिभावकहरूमा पर्ने आर्थिक भार कम गर्न, विद्यालयहरूमा कक्षा १ देखि ५ सम्मको मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाउन तथा कक्षा ६ देखि १० सम्म व्यवस्थित एवं गुणस्तरीय रूपमा त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा सञ्चालनका लागि गाउँपालिकाबाट परीक्षा शुल्क तथा मूल्याङ्कन अनुदान बापतको रकम भुक्तानी गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) तथा दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इच्छाकामना गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद - १: प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस कार्यविधिको नाम "इच्छाकामना गाउँपालिका सामुदायिक विद्यालय परीक्षा शुल्क तथा मूल्याङ्कन अनुदान सम्बन्धी कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "गाउँपालिका" भन्नाले इच्छाकामना गाउँपालिका सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले इच्छाकामना गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "शाखा" भन्नाले इच्छाकामना गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

(घ) "विद्यालय" भन्नाले इच्छाकामना गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्छ।

(ङ) "विद्यार्थी" भन्नाले सम्बन्धित सामुदायिक विद्यालयमा नियमित रूपमा अध्ययनरत कक्षा १ देखि १० सम्मका विद्यार्थी सम्झनु पर्छ।

(च) "मूल्याङ्कन प्रणाली" भन्नाले कक्षा १ देखि ५ सम्म सञ्चालन गरिने निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) तथा आवधिक मूल्याङ्कन प्रक्रियालाई सम्झनु पर्छ।

(छ) "परीक्षा" भन्नाले विद्यालयद्वारा कक्षा ६ देखि १० सम्म सञ्चालन गरिने प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक (अर्धवार्षिक) र तेस्रो/वार्षिक परीक्षा सम्झनु पर्छ।

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद - २: परीक्षा शुल्क तथा मूल्याङ्कन अनुदान रकम र भुक्तानी दर

३. परीक्षा तथा मूल्याङ्कन शुल्क गाउँपालिकाले व्यहोर्ने:

गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरूसँग परीक्षा तथा मूल्याङ्कन सञ्चालन बापत विद्यालयले कुनै पनि प्रकारको शुल्क लिन पाउने छैन। सो बापतको सम्पूर्ण रकम गाउँपालिकाले यस कार्यविधि बमोजिम अनुदान स्वरूप विद्यालयलाई उपलब्ध गराउनेछ।

४. कक्षागत प्रतिविद्यार्थी अनुदान दर:

(१) कक्षा १ देखि ५ सम्म: आधारभूत तह (कक्षा १ देखि ५) को मूल्याङ्कन प्रणाली (निरन्तर विद्यार्थी मूल्याङ्कन तथा अभिलेखीकरण) सञ्चालनका लागि गाउँपालिकाले सम्बन्धित विद्यालयको खातामा प्रतिविद्यार्थी वार्षिक रु. ७५/- (अक्षरेपि पचहत्तर रुपैयाँ मात्र) का दरले वार्षिक एक पटक (एकमुष्ट) अनुदान भुक्तानी गर्नेछ।

(२) कक्षा ६ देखि १० सम्म: प्रत्येक परीक्षा (प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक/अर्धवार्षिक र तेस्रो/वार्षिक) बापत गाउँपालिकाले विद्यालयको खातामा भुक्तानी गर्ने प्रतिविद्यार्थी अनुदान दर कक्षा ६ देखि ८ सम्म प्रतिविद्यार्थी रु. ९०/- (अक्षरेपि नब्बे रुपैयाँ मात्र) र कक्षा ९ र १० मा प्रतिविद्यार्थी रु. १००/- (अक्षरेपि एक सय रुपैयाँ मात्र) का दरले निम्नानुसार हुनेछ:

क्र.सं.	कक्षा / तह	भुक्तानीको आधार	प्रतिविद्यार्थी अनुदान दर (रु.)
१	कक्षा १ देखि ५ सम्म	वार्षिक एकमुष्ट (मूल्याङ्कन प्रणालीका लागि)	रु. ७५/-
२	कक्षा ६ देखि ८ सम्म	प्रतिपरीक्षा (त्रैमासिक, अर्धवार्षिक र वार्षिक)	रु. ९०/-
३	कक्षा ९ र १०	प्रतिपरीक्षा (त्रैमासिक, अर्धवार्षिक र वार्षिक)	रु. १००/-

परिच्छेद - ३: बजेट व्यवस्थापन, माग र भुक्तानी प्रक्रिया

५. बजेटको व्यवस्था:

गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा परीक्षा शुल्क तथा मूल्याङ्कन अनुदानका लागि आवश्यक बजेटको व्यवस्था गर्नेछ।

६. अनुदान रकम माग गर्ने प्रक्रिया:

(१) कक्षा १ देखि ५ सम्मको मूल्याङ्कन प्रणालीको वार्षिक एकमुष्ट अनुदानका लागि शैक्षिक सत्र सुरु भई विद्यार्थी भर्ना अद्यावधिक भएपछि वा शाखाले तोकेको अवधिभित्र र कक्षा ६ देखि १० को हकमा परीक्षा सञ्चालन हुनुभन्दा अघि वा परीक्षा सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित विद्यालयले नियमित विद्यार्थीहरूको कक्षागत विवरण र माग रकम खुलाई शाखामा निवेदन दिनुपर्नेछ।

२) विद्यार्थी विवरण एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट भएको विवरणसँग मिलेको हुनुपर्नेछ।

(३) कक्षा ८ र १० को हकमा अन्तिम परीक्षा सञ्चालन तोकिएको निकायले गर्नेछ। उक्त परीक्षाको निकासा रकम पूर्वपरीक्षा/तयारी परीक्षा सञ्चालन गरेको आवश्यक कागजात पेस गरे बापत भुक्तानी गरिनेछ।

७. रकम भुक्तानी प्रक्रिया:

(१) विद्यालयबाट प्राप्त निवेदन र विद्यार्थी सङ्ख्याको सम्बन्धमा शिक्षा शाखाबाट छानबिन र भौतिक/अभिलेख सत्यापन गराइनेछ।

(२) स्वीकृत विवरणको आधारमा गाउँपालिकाले तोकिएको परीक्षा तथा मूल्याङ्कन अनुदान रकम सिधै सम्बन्धित विद्यालयको बैंक खाता (विद्यालय सञ्चालन खाता) मा हस्तान्तरण/भुक्तानी गर्नेछ।

(३) कक्षा १ देखि ५ सम्मको मूल्याङ्कन अनुदान रकम वार्षिक रूपमा एकमुष्ट निकासा गरिनेछ भने कक्षा ६ देखि १० सम्मको परीक्षा शुल्क अनुदान सामान्यतया किस्ताबन्दीमा वा परीक्षा सञ्चालन हुनु अगावै/लगत्तै निकासा गरिनेछ।

परिच्छेद - ४: विद्यालयको जिम्मेवारी, अनुगमन तथा कारबाही

८. विद्यालयको जिम्मेवारी:

(१) गाउँपालिकाबाट परीक्षा तथा मूल्याङ्कन अनुदान प्राप्त भएपछि विद्यालयले विद्यार्थी वा अभिभावकबाट परीक्षा वा मूल्याङ्कनका नाममा थप कुनै पनि शुल्क लिन पाउने छैन।

(२) प्राप्त रकम कक्षा १ देखि ५ को मूल्याङ्कन अभिलेख व्यवस्थापन, पोर्टफोलियो/प्रगति विवरण छपाई तथा कक्षा ६ देखि १० को परीक्षा सम्बन्धी कार्यहरू (उत्तरपुस्तिका व्यवस्थापन, प्रश्नपत्र छपाई, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन आदि) मा मात्र खर्च गर्नुपर्नेछ।

(३) प्रत्येक परीक्षा/आवधिक मूल्याङ्कन समाप्त भएको ३० दिनभित्र विद्यालयले परीक्षा तथा मूल्याङ्कन सञ्चालन सम्बन्धी संक्षिप्त प्रगति प्रतिवेदन र विद्यार्थी उपस्थिति विवरण शिक्षा शाखामा पेस गर्नुपर्नेछ।

(४) प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक (अर्धवार्षिक) र तेस्रो/वार्षिक परीक्षा तथा मूल्याङ्कन प्रणाली सञ्चालन र सहजीकरण गर्न इच्छाकामना गाउँपालिकास्तरीय परीक्षा समितिसँग समन्वय र सहकार्य गर्नुपर्नेछ।

९. अनुगमन तथा निरीक्षण:

(१) अनुदान रकमको सदुपयोग तथा परीक्षा एवं मूल्याङ्कन प्रणालीको गुणस्तरीयता सम्बन्धमा गाउँपालिकाको शिक्षा शाखा, कार्यपालिकाले गठन गरेको अनुगमन समिति र इच्छाकामना गाउँपालिकास्तरीय परीक्षा समितिले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) गलत/झूटा विद्यार्थी सङ्ख्या पेस गरी अनुदान रकम माग गरेको पाइएमा वा विद्यार्थीबाट अतिरिक्त शुल्क उठाएको पाइएमा सो रकम असुलउपर गरी सम्बन्धित प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ।

परिच्छेद - ५: विविध

१०. बाधा अड्काउ फुकाउने:

यस कार्यविधिको कार्यान्वयनमा कुनै दुविधा वा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम र सर्वमान्य हुनेछ।

११. संशोधन:

यस कार्यविधिमा कुनै संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको निर्णयबाट संशोधन गर्न सकिनेछ।

Khatri

.....

लोक राज खत्री

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८३।०७।१३

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत